नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असार/साउन २०७१ (July 2014) वर्ष १८/अङ्क २०८

## धापासी कबरस्थान

-पाष्टर बिर बहादुर खवास

सूचना-पत्र २००३ मेरो पहिलो लेख "धापासी किन प्रिय" का केही सारांशः-

हुनलाई जुन ठाउँलाई हामी धापासी भनिरहेछौं, त्यो ठाउँ वास्तवमा खड्का भद्रकाली गाउँ विकास हो । धापासी निवासी श्री नर बहादुर दाई जो प्रभुमा सुतिसक्नुभो-उहाँकै प्रयास र पहलमा प्रभुले यो स्थान नेपाली इसाई मण्डलीलाई २०३२ वैशाखमा सिमेट्रीको लागि उपलब्ध गराइदिनुभएको हो । यसरी दाईको गा.वि.स. धापासी भएकोले हामीले सिमेट्रीलाई पनि धापासी भनिरहेछौं । उसो त मालीगाउँ गा.वि.स.मा भएको मण्डली घर जग्गालाई पनि यस्तै इतिहासको कारणले हामी 'ज्ञानेश्वर' मण्डली भन्दै आयौं जसरी बाल संगतिलाई 'सण्डे स्कूल' भन्दै आएका छौं । यी नाउँहरू यसरी भएका छन् ।

ठाउँ जस्तै होस् प्रियहरू बसेकोले त्यो प्यारो नै हुन्छ । यसैले होला मन परेको मानिसको सँगै जग्गा किनेर घर बनाउने चलन आएको । धापासी हाम्रो लागि अघिभन्दा झन् प्रिय बन्दै गइरहेछ । हाम्रा गुरुआमा श्रीमती मेरी कार्थकको पार्थिव शरीर त्यहाँ राखिएको समयपछि त हामी धेरैको लागि त्यो ठाउँ मूल्य मात्र नभएर, बहुमूल्य र प्रिय हुन गयो । माया गरेको व्यक्तिलाई मृत्युपछि कति माया गर्ने ? कति सम्झना गर्ने ? सिमा तोक्न र अड्कल काट्न सकिन्न । बादशाह शाहजहाँले भारतको आग्रामा ममताजको स्मरणमा ताजमहल बनाएछन् ।

पहिलो इतिहास १७:१ मा दाऊद राजाले नातान भविष्यवक्तालाई भने "म ता यहाँ देवदारूको घरमा बस्दैछु, तर परमप्रभुका करारको सन्दूकचाहिँ...।" हामी, डेरा कि साधारण वा राम्रो घर, कि महलमा बस्छौं होला, तर प्रभुमा सुतिगएका प्रियहरूको शवहरू कहाँ र कस्तो ठाउँमा छ त ? के सम्पूर्ण धापासी मनलाई खिच्ने भएको छैन र ? अब सम्पूर्ण धापासीको लागि लागिपर्ने समय र मौका आएको छ ।

उत्पत्ति २३:११ जब सारा मरी, अब्राहामले मक्पेलाको ओढार आफ्नी पत्नीको शव राख्नलाई सित्तैंमा पाएका थिए तर अब्राहामले यो बिना मोल लिन चाहेनन् र चार सय शेकेल (करीब रू. ८००/-) मा किने । घर हुनु नहुनु, रूपैयाँ-पैसा हुनु नहुनु बेग्लै कुरा हुन सक्छ तर त्यस स्थानको निम्ति मेरो 'मन हुनु' मुख्य कुरा हो । त्यहाँ जाने बाटो, बनाइएको सेवा-घरको रहल काम पूरा गर्ने, साँध-सिमानामा पर्खाल, पालेघर आदिको निम्ति ठोस रकमको आवश्यकता छ । रूपैयाँ-पैसा नभए समय दिएर सकेको काम गर्न सकिन्छ । आज प्रार्थना मात्र गरेर छोडिन्छ भने परेको दिनमा पनि के प्रार्थना मात्र गरेर छोडिदिन सकिन्छ त ? हक हित जति हुन्छ जिम्मा पनि त्यतिनै हुन्छ ।

मरियमले झैं बहुमूल्य अत्तर ठीक समयमा ठीक ठाउँमा खन्याउन सकिन्छ । नत्र ढिला भए चिहानमा पुऱ्याइएको तर प्रयोगको आवश्यकता नै नभएको अत्तर र मसला हुनेछ । त्यहाँ पुगेका प्रियहरू फर्कि आउन सक्तैनन् तर मलाई एकदिन त्यहाँ पुऱ्याइन्छ नै । के हामी सबै पुऱ्याइने ठाउँको संभार नगरौं ? डेरा, घर, महलबाट लगेर मलाई राख्न अघि त्यो ठाउँलाई अझ स्वच्छ र सुन्दर बनाउन सकौं । कता-कता मेरो धापासी र म धापासीको भन्न अत्युक्ति नहोला झैं लाग्छ मलाई । २४/८/१९९८ को पुरुष रीट्रिटमा पाष्टर गुरुबाको वचनः "पुरुष र अगुवाहरू होशियार, चेतमा, होशमा आउनुहोस् नमूना बिनाको शिक्षा मण्डलीलाई चाहिँदैन । शिक्षा र उपदेशमा जिउने बेला आएको छ ।"

सूचना-पत्र २०१२ मेरो दोस्रो लेख "धापासी विश्रामस्थल पर्खाल र एबेनएजरको चौतारो"

धापासी समिति र निर्माण विभागको पहिलो संयुक्त बैठक २०६९-१-३ (१५ अप्रिल) ज्ञानेश्वरमा, दोस्रो बैठक २०६९-१-६ (१८ अप्रिल) धापासीमा बस्यो । २०६९-१-१३ (२५ अप्रिल) बाट पर्खालको काम शुरू गरी सूचना-पत्रमा व्यक्त गरिएझैं १२ जुनमा मण्डलीको पाष्टर रोबर्ट कार्थक गुरुबाले सबै कुराको निम्ति महान् परमेश्वरको महिमा गर्नु हुँदै सबै स्वयं सेवक/सेविकाहरूलाई धन्यवाद दिनुभयो । यो ईश्वरको दानस्वरूप नेइमलाई जुटाइदिनुभएको ठूलो सम्पत्ति हो, यो साझा सम्पत्तिको मर्मत, संभार निरन्तर रूपमा गरिनुपर्छ । यसको निम्ति सम्पूर्ण नेइम मण्डली परिवारले आफ्नो-आफ्नो जिम्मा पूरा गर्नुपर्छ भनी पाष्टर गुरुबाले आह्वान गर्नुहुँदै, प्रशस्त हौसला थपिदिनुभयो । पाष्टर गुरुबा, राजेन्द्र रोंगोंग गुरुबा र पी.बी.राई दाज्यू तीनै जना ८० वर्ष नाघेकाहरूले जोशसँग ६०० फिट लामो अप्ठ्यारो बाटो हिंडी ६० फिट ठाडो भऱ्याङ्ग (याकूबको सिँडी) उक्लन सफल हुनुभयो । स्वयं सेवक भई सघाउने १०० जनाले उहाँहरूलाई पछ्याए । नेइमका निम्न मण्डलीका स्वयं सेवक-सेविकाहरूलाई गुरुबाले हृदयबाट धन्यवाद दिनुभयो । आफ्ना-आफ्ना स्वयं सेवक-सेविकालाई आ-आफैले खाजा चिया खुवाउनुभयो । स्वयं सेवक-सेविकाबाट बल, जोश, रहर, सीप सबै पायौं । अति रमाइलोका साथ सँगै काम गरियो । परिचय बटुल्ने काम बिर्सन सकिँदैन नै । गुरुबा अतिरिक्त सम्पूर्ण सहयोग जुटाइदिनुहुनेहरूलाई संयोजकको तर्फबाट पनि हामी कृतज्ञताकासाथ धन्यवाद चढाउँदछौं ।

**स्वयं सेवकहरूको जन बल यस प्रकार छः**

| | | | |
|---|---|---|---|
| ८ मे/२६ वैशाख | जोरपाटी मण्डलीबाट | ९+४ जम्मा | १३ जना |
| १४ मे/१ जेठ | ज्ञानेश्वर पूर्वी क्षेत्रबाट | १५+२ जम्मा | १७ जना |
| १५ मे/२ जेठ | ज्ञानेश्वर मध्य क्षेत्रबाट | १८ जम्मा | १८ जना |
| १६ मे/३ जेठ | ज्ञानेश्वर पश्चिम क्षेत्रबाट | १६+३ जम्मा | १९ जना |
| ४ जुन/२२ जेठ | गोंगबूँ मण्डलीबाट | १३+३ जम्मा | १६ जना |

२५ अप्रिलदेखि ११ जुन/वैशाखदेखि २८ जेठ ललितपुर मण्डलीबाट जम्मा ६ पटक ६२+१२ जम्मा ७४ जना

**जम्मा स्वयं सेवक-सेविका १५७ जना**

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| असार २८<br>July 12 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्रीमती<br>रस्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | डीकन<br>घनश्याम दाहाल | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>श्याम रञ्जित | एल्डर<br>शरण राई |
| साउन ३<br>July 19 | डीकन<br>अर्जुन ढकाल | डीकन<br>मान बहादुर मगर | श्री<br>बाघमान तामाङ्ग | डीकन<br>सिमोन पाठक | डीकन<br>घनश्याम दाहाल | डीकन<br>नवराज के. सी. | एल्डर<br>सीता गुरुङ्ग |
| साउन १० <br>July 26 | पाष्टर<br>एल. पी. न्यौपाने | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>जनकलाल श्रेष्ठ | संयुक्त सेवा<br>ललितपुर चर्च |
| साउन १७<br>August 2 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | श्री<br>सरुषमान तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र कु. रोंगोंग<br>पा. बि. ब. खवास | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | पाष्टर<br>दफ्तन सादा |

यस बाहेक धेरै-धेरै काम जति हेऱ्यो त्यतिनै देखिन्छ । सल्लाहहरू पनि प्रशस्तै आउँदैछ । यो गर, त्यो गर होइन म, हामी गर्छौं भनौं, अघि सरौं । कामै नगरी हुँदैन भन्ने बानी छोडौं । काम गरौं बरू भएन भने भएन भन्न सिकौं । सबै सल्लाह, दान, पाष्टर एल.पी. न्यौपाने (धापासी समिति उपाध्यक्ष) लाई दिनुहुन अनुरोध गर्दछौं ।

| | |
|---|---|
| - नयाँ र पुरानो पर्खाल सिध्याइएको | ४०१ फिट |
| - पुरानो पर्खाल गेटदेखि खोल्चाको मुखसम्म | २१० फिट |
| - तारको र हाल बनाइएको बाँसको बार | २५६ फिट |
| - खोल्चा, कुलो, गोरेटो सबै खुल्ला सिमाना | ५५८ फिट |
| - विश्रामस्थलको मोटामोटी परिधीको नाप | १४२५ फिट |

**सूचनापत्र जुलाई ५ तेस्रो "धापासी कबरस्थान"**

स्वर्गबास, प्रभुको घर, परलोक नरम शब्द हामीले प्रयोग गरेता पनि आखिरमा यो 'मृत्यु' नै हो जो कटु र कठोर हुन्छ । परमेश्वरले सास फुकिदिनुहुँदा जिउँदो (उत्पत्ति २:७) र फिर्ता लिनुहुँदा मृत्यु (भजनसंग्रह १०४:२९) हामी इसाईहरूले माटा-माटोलाई दिने शिक्षा पाएका छौं । धापासी 'स्थल-चिहान' कडा भो नरम नाउँ 'विश्रामस्थल' भयो । तर त्यहाँ कसले विश्राम लिन्छ ? मरेको मान्छे न थाक्छ न विश्राम लिन्छ । प्रभुमा विश्वास गरेकै दिन हामीले विश्राम पाइसक्यौं (मत्ती ११:२८) ।

२०३१ चैत्र २ गते गाउँको तीन भाइ जमीन धनीहरूले खीष्टियान कबरस्थानका लागि नेइमका तीनजना वीर बहादुर खवास, पूर्वमान राई र जनकलाल श्रेष्ठको नाउँमा जमीन बिक्री गरी नाउँसारी गरिदियो । हाम्रो नाउँमा दर्ता भएको जमीन हाम्रो नभई नेइमको हो र कसैले हकदावी गर्ने छैन भनी एक लेखौट मण्डलीमा मजबूत छ । समझदारीमा जस्तो भएता पनि कानूनले लालपूर्जा बाहकलाई नै समात्छ । २०४४ साल असोजमा जमीनबारे हामी विरूद्ध खड्का भद्रकाली गाउँ पञ्चायतमा मुद्दा पऱ्यो । २०४४ मंसिरमा नर बहादुर दाईको मृत्यु भयो ।

त्यसपश्चात् बोलिदिने मानिस नभएर समस्या अझ जटिल भयो । अड्डा, पञ्चायत कार्यालय धेरै पटक धाउनु पऱ्यो । भजनसंग्रह १२७:१ परमप्रभुले रक्षा गरिदिनुभयो । खोस्न पाएन । हालसम्म यसरी सुविधासँग जमीन चलाउन प्रभुले दिनुभइरहेछ । यो देख्दा हामीले जे दुःख, धम्की, आरोप सहयौं, भोग्यौं ती व्यर्थ भएन । तीन जनाको संयुक्त नाउँको ५ कित्ता जमीन १५-४-३-० हो । १ कोरिन्थी ३:६ पावल रोप्छ, अप्पोलस पानी हाल्छ तर परमेश्वरले चाहिँ बनाउनुहुन्छ । हालसम्म पनि सिमाना विवाद, लाश गाडेको विरोधमा कुरा उठिरहेको छ । अब सुविधा भोग गर्नलाई जिम्मा लिनै पर्छ । तीन पूर्जाधनीको उमेर, पौरख सिधियो । नेइमका पाँच मण्डली-ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, ललितपुर, धापासीले जिम्मा लिनु परेको छ । धापासी समिति पाष्टर एल.पी. न्यौपानेको अध्यक्षतामा छ । मण्डलीबाट खटाइएको प्रतिनिधि सक्रिय हुनु परेको छ । धेरै बलजफ्ती र मनपरी भएकोले सबैको चनाखोपनको आवश्यकता छ । धापासी कबरस्थानमा लाश राख्न नेइमका प्रत्येक सदस्यले पाउँछ । त्यसपश्चात् मनपरी गरी संरचना बनाउने छुट कसैलाई दिन मिल्दैन । भोलि ठाउँ अभाव-रीसाइकल गरिन्छ । सबै प्लेक बटुलेर कुनै भित्तामा सजाइन्छ । आफ्ना प्रियको चिहान मात्र प्रिय नभएर सम्पूर्ण धापासी हाम्रो लागि प्रिय हुनै पर्छ । के हाम्रो आशा यही संसारमा मात्र छ ?

१ कोरिन्थी १५:१९ । सबैलाई लाश गाड्न दिइन्छ-ठाउँ ओगट्न होइन । सबै मिलेर सम्पूर्ण कबरस्थानको संभार र मर्मत गर्ने चेत लिनु परेको छ ।

माटोले सबैलाई बराबर पार्छ - यसले छुट्याउँदैन । मण्डलीहरूले गाडेको लाश निकाल्न परेर कष्ट भोग्दैछ, समाजले विरोध गर्न छोडेको छैन । यो सम्झेर बुझेर हामीले पाएको सुविधाको दुरूपयोग नगरौं । सम्मानसाथ लाश गाड्न पाएर सबैले विश्राम पाओस् । सबै लागौं, सबैलाई सुझोस्, सबैलाई पुगोस् । नहेम्याह १:४ हामी पनि रोऔं, सुरिऔं, अघि बढौं । यसैले अरूले अनियमित संरचना भत्काउन, व्यवस्थित गर्न अघि आफ्नाहरूले नै कदम चालोस्, आफै मिलाउने काम गरोस्, सबैको भलाई होस्, सबैलाई शान्ति होस् । नयाँ पुस्ताका जवानहरू टेक्नुहोस् । धापासी कबरस्थानको प्रिय र बहुमूल्य जमीन ! आशिषलाई आशिष्मा कायम राखौं । सबैलाई प्रभुको अनुग्रह, प्रेम र शान्ति रहोस् !!

### नेइम परिषद्को सूचना

असार २२ गते/जुलाई ६ तारिख आइतबार
नेइम परिषद्को बैठक
बिहान १० बजे नेइम ज्ञानेश्वर चर्चमा ।

### हार्दिक बधाई

एस. एल. सी. परीक्षामा उत्तिर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई मण्डलीको तर्फबाट हार्दिक बधाई ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| असार २८ July 12 | श्री राज गुरुङ्ग | श्री लाक्पा लामा | डीकन नर बहादुर श्रेष्ठ | श्रीमती रेणु घलान | श्री अशोक सुनार | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |
| साउन ३ July 19 | संयुक्त सेवा जोरपाटी चर्च | | | | | एल्डर बी. एन. पण्डित | एल्डर शामुएल क्षेत्री | श्री कुमार सेन्चुरी |
| साउन १० July 26 | श्री अमृत लामा | डीकन रबी श्रेष्ठ | श्री कृष्ण तामाङ्ग | सुश्री दिल कु. तामाङ्ग | श्री लाक्पा लामा | पाष्टर सामुएल कार्थक | डीकन सिमोन पाठक | श्रीमती रिना तामाङ्ग |
| साउन १७ August 2 | श्री राज गुरुङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर एल.पी. न्यौपाने | श्री जय सिंह |

## हार्दिक बधाई



जेठ २६ गते/जुन ९ तारिख सोमबार नेइम ललितपुर चर्चको सदस्य सुश्री **सान्तोना न्यौपाने** र इम्मानुएल एकलेसिया मण्डली टिकापुर कैलालीको श्री **जीवन सुवेदी**को नेइम ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **जीवन** र **सान्तोना सुवेदी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ९ गते/जुन २३ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **सुजन श्रेष्ठ** र सुश्री **इच्छा सुनुवार**को नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती सुजन** र **इच्छा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ८ गते/जुन २२ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **प्रकाश दंगाल** र सुश्री **सारा श्रेष्ठ**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती प्रकाश र सारा दंगाल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार १५ गते/जुन २९ तारिख आइतबार नेइम ललितपुर चर्च सदस्य श्री **सचिन शाह** र नेइम गुर्जुधारा चर्चको सदस्य सुश्री **निर्मला लामा**को नेइम गुर्जुधारा चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती सचिन** र **निर्मला शाह**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विषेश अनुरोध

१) मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२) मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि वा अगावै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३) आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजाने गरौं । जसको फलस्वरुप मण्डलीमा आउनुभएका नयाँ दानुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४) दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २२ 6<br>आज हुने नेइम परिषदको बैठकको लागि प्रार्थना गरिदिऔं।<br>**भजन ३३:११, यर्मिया ३३:३** | २९ 13<br>आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई र सुसमाचार प्रचार गर्नुहुनेहरूको लागि साथै मण्डलीका लागि प्रार्थना गरिदिऔं।<br>**मलाकी २:७** | ४ 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गर्न सकून्।<br>**भजनसंग्रह ७८:७०-७२, हितोपदेश २७:२३** | ११ 27<br>मण्डलीलाई अगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून्।<br>**भजन १४३:१०** |
| **सोमबार**<br>**Monday** | २३ 7<br>प्रत्येक विश्वासीहरू व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने सामूहिक प्रार्थनामा समय बिताउनेहरू हुन सकून्।<br>**व्यवस्था ४:७, यर्मिया २९:१२** | ३० 14<br>देशका उच्च ओहोदामा रहेका सरकार प्रमुख, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलापको लागि प्रार्थना गरिदिऔं।<br>**यशैया ६०:१७-२२, हितोपदेश १४:३४** | ५ 21<br>परमेश्वरको प्रेम चाखेर पनि फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थना गरिदिऔं।<br>**यशैया ५१:११-१५, ५४:१०** | १२ 28<br>मण्डलीका विश्वासीहरू जे जस्तो परिस्थितिमा पनि परमप्रभुमा भरोषा राख्नेहरू हुन सकौं।<br>**यर्मिया १७:७-८, हिब्रू ४:१४-१६** |
| **मंगलबार**<br>**Tuesday** | २४ 8<br>मण्डलीमा भइरहेको आत्मिक तथा चङ्गाई सेवाद्वारा चङ्गाई, छुट्कारा, उत्साह, आत्माको भरपुरी पाउनुको साथै चिन्ह र आश्चर्य कर्महरू देख्न सकौं।<br>**यशैया ३५:१-१०, मत्ती ११:२८** | ३१ 15<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट सहिरहनुभएका विश्वासी-हरूको निम्ति प्रार्थना गरिदिऔं।<br>**२ तिमोथी १:८-१२, हिब्रू १२:१-३** | ६ 22<br>मण्डलीका सबै विश्वासीहरू घर परिवार, मण्डली, समाज र देशको निम्ति आशिष बन्न सकून्।<br>**मत्ती ५:१३-१६** | १३ 29<br>परमप्रभु परवमेश्वरले उहाँको प्रेम, अनुग्रहमा मण्डलीलाई दिनुभएको सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति र महिमा उहाँलाई चढाऔं।<br>**भजनसंग्रह ५०:२३, १०३:१-२** |
| **बुधबार**<br>**Wednesday** | २५ 9<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस्।<br>**१ पत्रुस ४:८-११** | ३२ 16<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, शुरू भएको संगति मण्डलीको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून्।<br>**१ कोरिन्थी १५:५८, फिलिप्पी १:६** | ७ 23<br>मण्डलीको विरुद्धमा खडा हुने सबै अन्धकारका सबै शक्तिहरू हटेर गएको छ भनी विश्वासको प्रार्थना चढाऔं।<br>**यशैया ५४:१७** | १४ 30<br>परमप्रभु परमेश्वरले राखिदिनुभएका आशिषहरू उपभोग गर्दै आशिष बन्नको निम्ति विश्वासको कदम बढाउन सकौं।<br>**एफिसी १:३, यहोशू १: ३-५** |
| **बिहीबार**<br>**Thursday** | २६ 10<br>आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको निम्ति एकले अर्कालाई उत्साह दिँदै प्रेम र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून्।<br>**फिलिप्पी २:३** | १ साउन 17<br>उपवास प्रार्थना सभाहरू साथै अन्य प्रार्थना सभाहरूमा चढाइएको प्रार्थनाद्वारा मण्डलीमा ठूलो आत्मिक जागृती आएको होस् जसको कारण मण्डली देशमा आशिषको कारण बन्न सकून्।<br>**हितोपदेश ११:१०-११, यशैया ६०:१-३** | ८ 24<br>परमप्रभुबाटको सुरक्षा हामी मण्डलीको निम्ति सदा रहिरन्छ भनी जानेर हाम्रो भरोसा सदा परमप्रभुमा नै राख्न सकौं।<br>**भजन १२४:१-८, १२१:१-८** | १५ 31<br>सुसमाचार प्रचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्।<br>**भजनसंग्रह १२६:५-६** |
| **शुक्रबार**<br>**Friday** | २७ 11<br>सेवा संगति तथा आराधना सेवामा सुनेका वचनहरू साथै पढेका वचनमा विश्वासीहरू आज्ञाकारी हुँदै जान सकून्।<br>**याकूब १:२२-२५** | २ 18<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीलाई जागृत गराउने सेवा संगति हुन सकून् भनी प्रार्थना गरौं।<br>**मत्ती ६:१-५** | ९ 25<br>संसारभरि छरिएर रहेका नेपाली दाजुभाई तथा दिदीबहिनीहरू इन्टरनेटद्वारा प्रशारित आराधना सेवामा सहभागी भएर आशिषित हुन सकुन्।<br>**यशैया ५५:८-११** | १६ Aujust 1<br>प्रार्थना, प्रशंसा, वचन पढाइ, सुसमाचार प्रचारको क्षेत्रमा मण्डली अझ जागृत हुन सकून्।<br>**प्रेरित २:४२-४७, कलसी ३:१४-१७** |
| **शनिबार**<br>**Saturday** | २८ 12<br>मण्डलीका सबै बालबालिकाहरूले खीष्ट प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी ग्रहन गर्न सकून्।<br>**मत्ती १९:१५** | ३ 19<br>बाल संगतिका सबै शिक्षक/शिक्षिका-हरूको लागि प्रार्थना गरिदिऔं।<br>**यशैया ६१:९** | १० 26<br>मण्डलीका अभिभावकहरूले आफ्ना बाल बालिकाहरूलाई प्रभुको शिक्षा, अनुशासन र प्रेममा हुर्काउन सकून्।<br>**व्यवस्था ६:५-६, ३२:४६** | १७ 2<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्दै जान सकून्।<br>**प्रेरित १:८,२:४२-४७** |